नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## प्रेस विज्ञप्ती

महालेखा नियन्त्रक कार्यालयको तर्फबाट महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ बमोजिम आर्थिक वर्ष २०८१।८२ को सङ्घ, प्रदेश र स्थानीय सरकारहरुको एकीकृत वित्तीय विवरण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० को उपनियम ३ बमोजिम अर्थ मन्त्रालयमा अर्थ मन्त्री श्री रामेश्वरप्रसाद खनाल समक्ष र महालेखापरीक्षकको कार्यालयमा माननीय महालेखापरीक्षक समक्ष मिति २०८२ पुस १४ गते पेश गर्नुभयो । नेपालको संविधान, प्रचलित ऐन र अन्य कानूनको अधीनमा रही संघीय सञ्चित कोषको सञ्चालन महालेखा नियन्त्रक कार्यालयले गर्ने र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व कानूनको आधारमा एकीकृत वित्तिय विवरण र प्रतिवेदन पेश गर्नुपर्ने जिम्मेवारी अनुसार उल्लेखित एकीकृत विवरण तथा प्रतिवेदन कानूनद्वारा निर्धारित समयावधि भित्रै अर्थ मन्त्री समक्ष र महालेखापरीक्षक समक्ष पेश गरिएको छ ।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुरुप तयार पारिएको प्रस्तुत विवरण तथा प्रतिवेदनमा सङ्घ, प्रदेश र स्थानीय सरकारहरु र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी)का निकायका प्रचलित कानूनले तोकेका विवरणहरु समावेश गरिएका छन । प्रतिवेदन अनुसार आ.ब. २०८१।८२ मा सङ्घ, प्रदेश र स्थानीय सरकारहरुको संचित कोषमा रु १ खर्ब ८ अर्ब ९९ करोड ६ लाखले ऋणात्मक रहेता पनि नगद अवस्था भने रु १ खर्ब ४ अर्ब १३ करोड ८४ लाखले धनात्मक रहनुका साथै सङ्घ, प्रदेश र स्थानीय सरकारहरु र एक्स्ट्रा बजेटरी निकायका विभिन्न कोषहरुको मौज्दात रकमको आधारमा नगद तथा बैंक मौज्दात रु १ खर्ब ८८ अर्ब ९४ करोड ५८ लाखले धनात्मक रहन गएको देखिएको छ ।

मिति:२०८२।०९।१४

...............
(दिपक लामिछाने)
सहमहालेखा नियन्त्रक एवम् प्रवक्ता